का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ८९
❒ ४ जेठ २०७७, आइतबार
❒ 17 May 2020, Sunday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: शनिबार साँझसम्म | | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|---|
| | नेपालमा | २७८ जना | ३६ जना | २६६९१ | ३२० |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ४६ लाख ६१ हजार | १७ लाख ७७ हजार | ३ लाख ९ हजार | २५ लाख ७३ हजार |




# काँग्रेसको संशोधन प्रस्ताव

## ■ आक्रमक बन्न सभापति देउवाको निर्देशन

आगामी आर्थिक वर्षका लागि शुक्रबार सरकारले ल्याएको नीति तथा कार्यक्रममा प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले संशोधन प्रस्ताव पेश गरेको छ ।

नीति तथा कार्यक्रम महामारीका कारण अर्थतन्त्रमा परेको असर न्यूनीकरण गर्नेतर्फ केन्द्रीत हुनुपर्नेमा पुरानै कार्यक्रमलाई निरन्तरता दियो ।
■ प्रतिपक्ष

लिम्पियाधुरा सहित समेटेर नेपालको नक्सा सार्वजनिक गर्ने घोषणा सहित आएको नीति तथा कार्यक्रमले स्वास्थ्य, कृषि र रोजगारीलाई प्राथमिकता दिएको छ ।
■ सत्तारुढ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ जेठ ।

शुक्रबार राष्ट्रपति विद्यादेवी भण्डारीबाट प्रस्तुत नीति तथा कार्यक्रममा प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले संशोधन प्रस्ताव पेश गरेको छ । आगामी आर्थिक वर्ष २०७७/७८ का सरकारले संघीय संसदको संयुक्त अधिवेशनमा नीति तथा कार्यक्रम पेश गरेको छ । तर, सरकारको नीति तथा कार्यक्रमले कोभिड महामारीको संकटका बेला नीति तथा कार्यक्रम ल्याउँदा प्राथमिकता पहिचान गर्न नसकेको भन्दै संशोधन प्रस्ताव पेश गर्ने निर्णय गरेको हो । शनिबार बसेको काँग्रेसको संसदीय दलको बेठकले सरकारको नीति तथा कार्यक्रममाथि संशोधन प्रस्ताव पेश गर्ने निर्णय गरेको हो । संशोधन प्रस्तावक काँग्रेसले गठन गरेको छाया सरकरका अर्थमन्त्री मिनेन्द्र रिजाल र समर्थकमा सचेतक पुष्पा भुसाल र सांसद सञ्जयकुमार गौतम छन् । काँग्रेस बैठकले सरकारले वर्तमान अवस्थाको समस्या पहिचान गर्न नसकेको निष्कर्ष निकालेको छ ।

सांसदहरु बालकृष्ण खाण, मिनेन्द्र रिजाल, गगन थापा, ज्ञानेन्द्रबहादुर कार्की, पार्वती डिसी चौधरी, दिलेन्द्रप्रसाद बडु लगायतले सरकारको नीति तथा कार्यक्रममाथि धारणा राखेका थिए । सरकारले महामारीका कारण अर्थतन्त्रमा परेको असर न्यूनीकरण गर्नेतर्फ केन्द्रीत हुनुपर्नेमा पुरानै कार्यक्रमलाई



निरन्तरता दिएको काँग्रेसको निष्कर्ष छ । विशेषगरी, रेल, पानी जहाज, ठूला भौतिक पूर्वाधारलाई नै जोड दिइएकोमा काँग्रेसले यसलाई सापेक्षित बजेट नहुने निष्कर्ष निकालेको हो ।

सांसद प्रकाश स्नेहीका अुनसार, सरकारले पर्याप्त तयारी नगरी बजेट ल्याएको, महामारीको संकटबाट बाहिर ल्याउन कोरोना केन्द्रीत नीति तथा कार्यक्रम नआएको निष्कर्ष बैठकले निकालेको छ । सरकारको नीति तथा कार्यक्रमले जनताको जीवन जोगाउने कुरालाई सुनिश्चित नगरेको काँग्रेसले निष्कर्ष निकालेको छ ।

बैठकमा लिपुलेकमा सडक निर्माण गरेको विषयमा भइरहेको प्रयासबारे जानकारी दिएका थिए । यसमा काँग्रेस सचेत हुनुपर्ने सांसदहरुको सुझाव छ । बैठकले आगामी दिनमा संसदमा काँग्रेस आक्रमक भएर प्रस्तुत हुनुपर्ने निष्कर्ष निकालेको छ । सभापति एवम् दलका नेता शेरबहादुर देउवाले सांसदहरुले राखेको प्रश्नको जवाफ दिएका थिए । सभापति देउवाले सांसदहरुलाई आक्रामक भएर प्रस्तुत हुन निर्देशन दिएका छन् ।

लिम्पियाधुरा सहित समेटेर नेपालको नक्सा सार्वजनिक गर्ने कार्यक्रम नीति तथा कार्यक्रममै समेटेको सरकारले भने स्वास्थ्य, कृषि र रोजगारीलाई प्राथमिकता दिएको दावी गरेका छन् । अहिलेको आवश्यकता पनि त्यही भएको सरकारी जिकिर छ ।

# अघि बढाइयो एमसीसी

विवादित अमेरिकी परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सरकारको नीति तथा कार्यक्रममा परेपछि कोभिड महामारीकै बीच अर्को विवाद थपिएको छ । यो परियोजनाबारे सत्तारुढ नेकपामै सहमति जुट्न सकेको छैन ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ जेठ ।

शुक्रबार संघीय संसदको संयुक्त अधिवेशनमा राष्ट्रपति विद्यादेवी भण्डारीले २७६ पृष्ठ लामो नीति तथा कार्यक्रम पृष्ठ गरेकी छन् । स्वास्थ्य, कृषि र रोजगारीलाई प्राथमिकता दिएर आगामी आर्थिक वर्षका लागि सरकारले ल्याएको नीति तथा कार्यक्रम राष्ट्रपति भण्डारीले प्रस्तुत गरेकी हुन् । निकै लामो कार्यक्रमको सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी नेकपाका सांसदहरुले स्वागत गरेका छन् भने विपक्षी दलका सांसदहरुले अपूर्ण र नयाँपन नभएको टिप्पणी गरेका छन् ।

सत्तारुढ सांसदहरुले भने कृषि क्षेत्रमा क्रान्तिकै जग बसाल्नेगरी कार्यक्रम आएको भनी सरकारको प्रशंसा गरेका छन् । उनीहरुले वैदेशिक रोजगारबाट फर्किएकाहरुलाई कृषि क्षेत्रमा सामेल गराउनेगरी कार्यक्रम ल्याइएको बताएका छन् । वडा देखि केन्द्रसम्मको स्वास्थ्य पूर्वाधारको विकास गरी गुणस्तरीय स्वास्थ्य




सेवाको सुनिश्चित गरिएको सरकारले दावी गरेका छन् ।

तर, संसदमा प्रस्तुत नीति तथा कार्यक्रममा सामेल अमेरिकन परियोजना मिलिनियन च्यालेन्ज कर्पोरेसन (एमसीसी) ले भने सत्तारुढमै फेरि विवाद ल्याएको छ । राष्ट्रपति भण्डारीले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा एमसीसी समावेश गरिएको छ । केही दिन अगाडि प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको सर्वदलीय बैठकमा प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले यसबारे सरकारको ध्यानाकर्षण गराएको थियो । काँग्रेसका सभापति शेरबहादुर देउवाले यसै आर्थिक वर्षमा एमसीसी कार्यान्वयनको बाटो खोल्नुपर्ने सुझाव दिएका थिए । यसले प्रतिपक्षीको आलोचना भइरहँदा सरकारले नीति तथा कार्यक्रममै एमसीसी समावेश गरेको छ ।

नीति तथा कार्यक्रमको २११औं बुँदामा एमसीसीबारे उल्लेख गरिएको छ । उक्त बुँदामा उल्लेख गरिएको छ, "लप्सीफेदी-राटमाटे, हेटौंडा र लप्सीफेदी-राटमाटे-दमौली-बुटवल ४ सय केभी प्रसारण लाइन निर्माण कार्य अघि बढाइनेछ ।" ३१२ किलो मिटर लामो यो प्रशासन लाइन निर्माण गर्न ४० करोड अमेरिकी डलर लाग्ने मिलिनियम च्यालेन्ज एकाउण्ट (एमसीए) ले जनाएको छ । यो परियोजनाका बाँकी पृष्ठ २ मा

# नीति तथा कार्यक्रमले व्यवसायीलाई निराश बनायो : अध्यक्ष गैरे



**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ जेठ

मुलुकको वैदेशिक रोजगार क्षेत्रका सम्वन्धमा नीति तथा कार्यक्रमले कुनै सम्वोधन नगरेको भन्दै नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष विष्णुप्रसाद गैरेले सरकारको नीति तथा कार्यक्रमप्रति गम्भीर असन्तुष्टि जनाएका छन् । शुक्रबार राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा प्रस्तुत नेपाल सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा कोरोना भाइरस (कोभिड-१९) का कारण रोजगारी गुमाई स्वदेश फर्किने युवायुवतीहरुलाई रोजगारी सिर्जना गर्न शुरुवाती पुँजी उपलब्ध गराउने लगायतका व्यवस्था गरिएको छ ।

संघका अध्यक्ष गैरेले शनिबार साँझ नीति तथा कार्यक्रमबारे मध्यान्हसँग प्रतिक्रिया व्यक्त गर्दै कोरोना भाइरसका कारण विदेशमा रोजगारी गुमाई बेरोजगार हुने युवायुवतीहरुका लागि स्वदेशमा रोजगारको प्रवन्ध गर्नु राम्रो विषय भएपनि वार्षिक करीब ९ खर्ब रेमिट्यान्स आप्रवाहमा भूमिका खेल्दै आएको वैदेशिक रोजगार व्यवसायप्रति सरकारको नीति तथा कार्यक्रमले कुनै सम्वोधन नगर्नु गम्भीर चिन्ताको विषय भएको बताए ।

वैदेशिक रोजगारीमा कामदार पठाउन ८ सय ५३ वटा कम्पनीहरुले न्यूनतम नगद ५० लाख रुपैयाँ धरौटी र न्यूनतम १ करोड ५० लाख रुपैयाँ बैंक ग्यारेण्टी मार्फत सवा ४ अर्ब भन्दा बढी रकम धरौटी र करिब १३ अर्ब बराबरको बैंक ग्यारेण्टी राखेका व्यवसायीहरुको पेशा व्यवसाय संरक्षण गर्न नीति तथा कार्यक्रमले कुनै ध्यान नदिनु आश्चर्यको विषय भएको अध्यक्ष गैरेले बताए ।

व्यवसायीहरुले लकडाउनको प्रतिकुल अवधिमा पनि कर्मचारीको तलब भत्ता, कार्यालय भाडा, बिजुली, कार्यालय सञ्चालन खर्च, कर, राजस्व जस्ता दायित्व वहन गरिरहेको भन्दै अध्यक्ष गैरेले व्यवसायलाई बचाउन श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, अर्थ मन्त्रालयसमक्ष पेश गरिएका मागहरुका सम्वन्धमा नीति तथा कार्यक्रममा कुनै सम्वोधन नहनुले सरकार वैदेशिक रोजगार क्षेत्रप्रति उदासिन देखिएको प्रष्ट हुने बताए ।

कोरोना भाइरसका कारण खाडीका केही देशमा रोजगारीमा कमी आउन सक्ने अवस्थामा नेपालका युवायुवतीका लागि नयाँ श्रम गन्तव्य खोज्ने विषयमा ध्यान नदिनु सरकारको अदुरदर्शी कार्यशैली भन्दै अध्यक्ष गैरेले वैदेशिक रोजगारको नयाँ गन्तव्य नखोजेमा नेपालका कृषि, निर्माण तथा लघु उद्यमजस्ता सिमित क्षेत्रले बढ्दो बेरोजगारी समस्याको समाधान गर्न नसक्ने बताए ।

'यस्तो बेलामा अभिभावकका रुपमा सरकारसँग व्यवसायीहरुले नयाँ कार्यक्रम, नयाँ नीति र राहतको आशा गर्नु स्वभाविक हो,' अध्यक्ष गैरेले भने, 'तर सरकारले नीति तथा कार्यक्रममा व्यवसायीप्रति अभिभावकीय दायित्व बिर्सेको पाइयो, हामीलाई निराश बनाएको छ ।'

संघले लामो समयदेखि व्यवसाय बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### सोचेजस्तो सहज छैन कामदार फर्काउन

काठमाडौं/मस- अन्तर्राष्ट्रिय उडान नभएसम्म विशेष विमानबाट विदेशमा समस्यामा परेका कामदारको उद्धार सोचेजस्तो सहज देखिएको छैन । छिमेकी मुलुक भारत र पाकिस्तानले दुई हप्ताबीचमा गरेका उद्धार कार्यमा प्रभावितहरुको तुलनामा उद्धार गरिएका कामदारहरुको संख्या अत्यन्तै थोरै देखिएको छ । घर फर्किन नाम लेखाएका ४० हजार पाकिस्तानी मध्ये दुई हप्तामा ८ हजार स्वदेश फर्किका छन् भने घर फर्किन चाहने भारतीयहरुको संख्या पनि त्यस्तै रहेको छ ।

यूएईबाट फर्काइएका यात्रुमध्ये ५० प्रतिशतसम्म संक्रमित पाइएपछि उनीहरुलाई व्यवस्थापन गर्न हम्मेहम्मे परिरहेको पाकिस्तनी सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन् । साँगुरा कोठामा धेरै कामदार एकैठाउँमा बस्नुपर्ने बाध्यताले खाडीका विभिन्न देशमा संक्रमण बढेको आँकलन गरिएको छ । बाँकी पृष्ठ २ मा

# रोकिएन अवैध प्रवेश

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ जेठ ।



नेपाल-भारत सीमा क्षेत्र दार्चुलाको व्यास गाउँपालिका-१ छाङरूमा सशस्त्र प्रहरीको गुल्म बस्ने स्थानको जग्गा नापजाँच गर्दै सशस्त्र प्रहरीका इन्जिनियर प्रहरी नायब उपरीक्षक मिलनमान मास्केलगायतको टोली । *तस्वीर : नारायण ढुङ्गाना*

भारतसँग सीमा जोडिएको बैतडी सहित सुदूरपश्चिम प्रदेशका ८४ स्थानमा सशस्त्र प्रहरी बलको उपस्थिति रहेको छ । कोरोना सङक्रमण नियन्त्रणका लागि नेपाल-भारत सीमा सिल गरिएपछि सशस्त्र प्रहरीले सीमा क्षेत्रमा आफ्नो उपस्थितिलाई मजबुद बनाउँदै लगेको हो । सुदूरपश्चिमका भारतसँग सीमा जोडिएका पाँच जिल्लाका ८४ ठाउँमा सशस्त्र प्रहरी बलले आफ्नो पोष्ट खडा गरी सीमा क्षेत्रमा दिनरात पहरा दिइरहेको छ ।

तर, सीमा क्षेत्रमा सशस्त्र प्रहरीको उपस्थितिले अवैध नेपाल प्रवेशमा कमी आएको दाबी सशस्त्र प्रहरीको भए पनि उनीहरुको आँखा छलेर नेपाल प्रवेश गर्ने क्रम भने अझै रोकिएको छैन । अवैध रूपमा नेपाल प्रवेश गर्ने क्रम नरोकिँदा सङ्क्रमणको जोखिम पनि बढ्दै गएको छ । लकडाउनको समयमा हालसम्म १०० भन्दा बढी नेपाली नागरिक महाकाली नदी तरेर नेपाल भित्रिएका छन् । बैतडी र दार्चुलामा गरी उक्त सङ्ख्यामा स्वदेश भित्रिएका हुन् ।

महाकाली नदीमा ट्युबमार्फत बैतडीमा ४० जना भित्रिएका सहायक प्रमुख जिल्ला अधिकारी लोकेन्द्रसिंह नेगीले बताए ।

सीमा सिल रहेका बेला सुरक्षाकर्मीको आँखा छलेर उनीहरु नेपाल आएका हुन् । उनीहरु सबैलाई अनिवार्य १४ दिन क्वारेन्टाइनमा राख्ने गरिएको उहाँले बताउनुभयो । भारतमा लकडाउन खुकुलो भएपछि अवैधरूपमा नेपाल भित्रिने क्रम नरोकिएको हो ।

## रोकिएन संक्रमण

बर्दिया, सिराहा, पर्सा, सर्लाही र चितवनका नागरिकमा कोरोना भाइरस कोभिडको संक्रमण देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा परीक्षणका क्रममा बर्दिया नार्खुका २८ वर्षीया महिला, सिराहा सखुवाका ३० वर्षीय पुरुष, पर्सा वीरगञ्जका २८ र २९ वर्षीय पुरुष, सर्लाही रामनगरकी १८ वर्षीया महिला र चितवन गढौलीकी २५ वर्षीया महिला रहेको बताए ।

यससँगै शनिबार साँझसम्म सङ्क्रमितको सङ्ख्या २७८ पुगेको छ । शुक्रबार १८ जना सङ्क्रमित देखिएको थियो । मन्त्रालयका सहप्रवक्ता डा अधिकारीका अनुसार सङ्क्रमितको अवस्था सामान्य र स्वास्थ्यकर्मीका निगरानीमा छन् । बाँकी पृष्ठ २ मा

# कोरोना कहरबीच डेंगुको डर



**रामबहादुर थापा/रासस**
बागलुङ, ३ जेठ

कोरोना कहर मत्थर नहुँदै बागलुङमा देखिएको डेंगु संक्रमणले जनसाधारणलाई झस्काएको छ । कोरोना र डेंगु भाइरसबाट सँगैसँगै जोगिनुपर्ने भएको छ। डेंगु 'एडिस एजिप्टाइ' जातको पोथी लामखुट्टेको टोकाइबाट सर्छ। धवलागिरि अस्पतालमा उपचाररत जैमिनी नगरपालिका-८ की २३ वर्षीया युवतीमा शुक्रबार डेंगु लागेको पुष्टि भएको छ ।

'बिरामीमा शंकास्पद लक्षण देखिएपछि जाँच गर्दा डेंगुको संक्रमण भेटियो,' अस्पतालका प्रमुख चिकित्सक शैलेन्द्र विक पोखरेलले भने । संक्रमित युवती गत सोमबार अस्पताल भर्ना भएकी थिइन् । युवतीको अवस्था स्थिर रहेको र थप जाँच गरिने प्रमुख चिकित्सक पोखरेलले बताए । उनले गर्मी बढेसँगै डेंगुको जोखिम थपिएकाले सावधानी अपनाउन सबैमा आग्रह गरे । 'लामुखुट्टेको टोकाइबाट बच्नु नै उत्तम उपाय हो, सुत्दा झुल टाँग्ने गरौं, घर वरिपरि पानी जम्ने खाल्डाखुल्डी छन् भने पुरौं,' उनले भने ।

सो जातको लामखुट्टले दिउँसो मात्र टोक्ने भएकाले बाहिर हिँडडुल गर्दा लामो बाहुला भएको लुगा लगाउन, पानी जम्ने पुराना भाँडाकुँडा, ड्रम, टायर आदिलाई घर छेउछाउ नराख्न उनले सुझाव दिए । स्वास्थ्य कार्यालयका प्रमुख सुरज गुरौले शुक्रबार फेला परेको संक्रमण यो वर्षको पहिलो भएको उल्लेख गरे । उनका अनुसार गत वर्ष जिल्लाका १० जना व्यक्तिमा डेंगु संक्रमण पुष्टि भएको थियो ।

'संक्रमित भेटिएको ठाउँमा 'खोज र नष्ट' गर अभियान सञ्चालन हुँदैछ, सम्बन्धित स्थानीय तह र स्वास्थ्यचौकीसँग समन्वय भइरहेको छ,' प्रमुख गुरौले भने । लामखुट्टेको सम्भावित बासस्थानको खोजी गरी नष्ट गरिने उनको भनाइ छ ।

उनले डेंगु फैलिन नदिन घर तथा बसोबास क्षेत्रको सरफाइमा विशेष ध्यान दिनुपर्ने बताए । डेंगुविरुद्धको अभियानमा स्थानीय तहको भूमिका र पहल महत्वपूर्ण हुने प्रमुख गुरौको भनाइ छ । स्वास्थ्य कार्यालयले गत वर्ष पनि सदरमुकामलगायतका ठाउँमा 'माइकिङ', सन्देशमूलक पर्चा वितरणदेखि सञ्चारमाध्यममार्फत सचेतना जगाउने काम गरेको थियो ।

डेंगुको परीक्षण सेवा धवलागिरि अस्पतालमा मात्र उपलब्ध छ । शंकास्पद देखिएका व्यक्तिमा डेंगु परीक्षण हुँदै आएको छ । डेंगु जाँचका लागि परीक्षण किटको अभाव नरहेको अस्पतालले जनाएको छ । चिकित्सकका अनुसार डेंगुको संक्रमणपछि एक्कासी उच्च ज्वरो आउने, रक्तश्राव हुने, टाउको, शरीर दुख्नेजस्ता लक्षण देखा पर्छन् । डेंगुको खास उपचार नभएकाले लक्षणअनुसार औषधि चलाउने गरिन्छ। गत महिना छिमेकी जिल्ला म्याग्दीमा पनि डेंगु देखिएको थियो ।

# लहान अस्पताललाई कोरोना अस्पताल बनाउने निर्णयप्रति विरोध




**सिरहा/मस-** सिरहाको लहानस्थित रामकुमार उमा स्मारक अस्पताललाई कोरोना विशेष अस्पताल बनाउने प्रदेश सरकारको निर्णयप्रति स्थानीयवासीले विरोध गरेका छन् । यो अस्पताललाई कोरोना विशेष अस्पताल बनाएमा लहान नगरक्षेत्र नै खतरामा पर्न सक्ने भन्दै स्थानीयवासीले प्रदेश नं २ सरकारको उक्त निर्णयको विरोध गरेका हुन् ।

अस्पताल परिसरमा पत्रकार सम्मेलन गरी स्थानीयवासीले लहान अस्पताललाई कोरोना अस्पताल बनाउन नहुने बताएका छन् । अस्पताल वरिपरि घना बस्ती भएकाले कोरोना अस्पताल बनाइए सम्भावित खतरा हुन सक्ने भन्दै स्थानीयवासीले खाली रहेको लहानस्थित बलान नदी पुल छेउको कभर्ड हलमा कोरोना अस्पताल सञ्चालन गर्न सुझावसमेत दिएका छन् ।

प्रदेश सरकारले अहिले सञ्चालन अवस्थामा रहेको रामकुमार उमा स्मारक अस्पताललाई कोरोना विशेष अस्पताल बनाउने निर्णय गरेका कारण स्थानीयवासी त्रसित बनेकाले प्रदेश सरकारले यो निर्णय सच्याउनुपर्ने स्थानीयवासी तथा जनता समाजवादी पार्टीका युवा नेता ललितनारायण महतोले बताए ।

गरिब, विपन्न परिवारले सहज उपचार पाइरहेको सो अस्पताललाई कोरोना विशेष अस्पताल बनाउने प्रदेश सरकारको निर्णय गलत भएको भन्दै अर्का स्थानीय तथा महिला वडा सदस्य नगिना पासवानले यस अस्पताललाई कोरोना उपचार केन्द्र बनाएपछि गरिब विपन्न उपचारबाट वञ्चित हुने बताए ।

प्रदेश नं २ मा कोरोना संक्रमितको संख्या बढ्दै गएपछि प्रदेश सरकारले लहानस्थित सो अस्पताललाई ५० श्ययाको कोरोना विशेष अस्पतालका रुपमा सञ्चालन गर्ने निर्णय केही दिनअघि गरेको थियो । प्रदेश नं २ का आठ जिल्लामध्ये सिरहा जिल्लाबाहेक सातवटा जिल्लामा कोरोना संक्रमण पुष्टि भएपछि लहान अस्पताललाई प्रदेश नं २ को कोरोना विशेष अस्पतालका रुपमा सञ्चालन गर्ने गरी तयारी थालेको छ। प्रदेशका सबै जिल्लामा थप ३/३ सय क्षमताको क्वारेन्टाइन तयारी अवस्थामा राख्ने निर्णयसमेत प्रदेश सरकारको छ ।

प्रदेश सरकारको निर्णयानुसार दुई दिनअघि सामाजिक विकास मन्त्रालयको टोलीले अस्पतालको स्थलगत निरीक्षण गरी कोरोना अस्पताल सञ्चालनको सम्भावना र चुनौतीको विषयमा आफूहरुसँग छलफलसमेत गरेको स्थानीयवासीको भनाइ छ ।

# तौलिहवा उद्योग वाणिज्य संघद्वारा स्वास्थ्य सामग्री हस्तान्तरण



**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, ३ जेठ

पछिल्लो समय सेवारत सुरक्षाकर्मीमा कोरोनाको संक्रमण देखिएसँगै सुरक्षाकर्मीमा जोखिमको दायरा वृद्धि भएको छ । कोरोनाको संक्रमण रोक्न गरिएको लकडाउनको प्रभावकारी कार्यान्वयनमा खटिएकै कारण सुरक्षाकर्मी संक्रमणको प्रत्यक्ष जोखिममा रहेका छन् ।

कोरोना संक्रमणको जोखिममा रहेका सुरक्षाकर्मीलाई तौलिहवा उद्योग वाणिज्य संघले मास्क, पञ्जा, सेनिटाइजरलगायतका स्वास्थ्य सुरक्षा सामग्री उपलब्ध गराएको छ। संघका अध्यक्ष गयादिन कुर्मी र कोषाध्यक्ष सन्दीप कुमार श्रीवास्तवले शसस्त्र प्रहरी र नेपाल प्रहरीलाई करिब ५० हजार मूल्य बराबरका स्वास्थ्य सामग्री हस्तान्तरण गरेका छन् । संघले वडा प्रहरी कार्यालय तौलिहवाका प्रमुख प्रहरी नायब निरीक्षक रमेश गुरुङलाई ५० थान मास्क, ४० बोतल सेनिटाइजर र ३ सय ५० सेट पञ्जा प्रदान गरेको हो । त्यसैगरी सशस्त्र प्रहरी बल नेपाल २८ नम्बर गणका तर्फबाट कारागार सुरक्षा गुल्मका सशस्त्र प्रहरी नायब उपरीक्षक भुवन अर्याललाई २ सय थान मास्क, ५० बोतल सेनिटाइजर र ३ सय सेट ग्लोब्स् हस्तानतरण गरिएको संघका कोषाध्यक्ष श्रीवास्त्वले जानकारी दिए ।

संघले यसअघि पनि सुरक्षा निकायका लागि प्रजिअ मार्फत ३ सय ५० थान सर्जिकल मास्क हस्तान्तरण गरेको तौलिहवा उद्योग वाणिज्य संघका अध्यक्ष कुर्मीले जानकारी दिए । 'यो महामारीका बेला दिनरात सुरक्षामा खटिएका सुरक्षाकर्मीको स्वास्थ्य जोखिमको अवस्था मध्यनजर गरी स्वास्थ्य सुरक्षा सामाग्री हस्तान्तरण गरेका हौं', कुर्मीले भने ।

# बाबुले चिर्पटले हान्दा छोराको मृत्यु

**राजन बस्नेत/मध्यान्ह**
दोलखा, ३ जेठ

दोलखाको शैलुङमा आफ्नै बाबुले चिर्पटले हान्दा घाइते भएका छोराको उपचारको क्रममा मृत्यु भएको छ । शैलुङ गाउँपालिका वडा नम्बर-२, झम्सी बस्ने ५२ वर्षीय विष्णुलाल तमाङले आफ्नै छोरालाई चिर्पटले हान्दा गम्भीर घाइते भएका २७ वर्षीय सुवास तमाङको उपचारको क्रममा काठमाडौंस्थित टिचिङ अस्पतालमा जेठ १ गते मृत्यु भएको जिल्ला प्रहरी कार्यलय दोलखाले जनाएको छ। बैशाख २९ गते जग्गा लगायत सामान्य घरायसी वादविवादको कारण बुबाले छोरालाई चिर्पटले टाउकोमा प्रहार गरेका थिए । चिर्पट प्रहारपश्चात गम्भीर घाइते तमाङलाई उपचारको लागी टिचिङ अस्पताल काठमाडौंमा लगिएको थियो । टिचिङ अस्पतालमा उपचारको क्रममा मृत्यू भए पश्चात दाहासंस्कार गर्न मृतक तमाङको शव गाउँ ल्याइएपछि मात्र घटनाको विषयमा प्रहरीलाई जानकारी आएको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रवक्ता रेशम बोहराले जानकारी दिए । त्यसलगतै घटनास्थल पुगेको प्रहरी टोलिले चिरपट प्रहार गर्ने मृतका बुबा बिष्णुलाल तमाङलाई नियन्त्रण लिएको छ । मृतक तमाङको शव अहिले पोष्टमार्टमको लागि प्राथमिक स्वास्थ्य केन्द्र चरीकोटमा ल्याइएको र घटनाको थप अनुसन्धान भइरहेको प्रहरी प्रबक्ता बेहराले जानकारी दिए ।

# पार्टीभित्रको विवाद शक्ति संघर्ष हो : मुख्यमन्त्री पोखरेल



**बुटवल/मस-** नेपाल कम्युनिष्ट पार्टी(नेकपा)स्थायी कमिटी सदस्य मुख्यमन्त्री शंकर पोखरेलले पछिल्ला दिनमा नेतृत्व आपसी अन्तरसंवादतर्फ केन्द्रित हुँदा पार्टीभित्रका विवाद कम हुँदै गएको बताएका छन् । नेपाल कम्युनिष्ट पार्टीका तत्कालिन महासचिव जननेता मदन भण्डारी र कुशल संगठक जीवराज आश्रितको २७ औं स्मृति दिवसका अवसरमा शनिबार बुटवलमा आयोजित स्मृति कार्यक्रममा प्रदेश नं ५ का मुख्यमन्त्री पोखरेलले पार्टी एकताको सफलता हरेक नेता कार्यकर्ताले सोच्नुपर्ने विषय भएको बताए ।

'इतिहासप्रति गर्व गरौं, इतिहासको भारी बोकेर वर्तमानलाई प्रभावित गर्ने काम नगरौं', उनले भने, 'हाम्रो एकता समाजवाद निर्माण, मुलुकको समृद्धि र जनताको दिगो स्तरमा रुपान्तरणका लागि हो ।' उनले पार्टीभित्र वर्तमानमा देखिएको विवाद वैचारिक र राजनीतिक नभएर शक्ति संघर्ष भएको बताउँदै यसलाई कम्युनिष्ट आन्दोलनमा कुनै उचित मुद्दाका रुपमा लिनु नहुने स्पष्ट पारे । उनले भने, 'शक्तिलाई व्यवस्थापन वा संयोजन गर्ने हो, त्यसको प्राप्तिका लागि अनावश्यक द्वन्द्व आन्दोलनको भविष्यका लागि हानिकारक हुन्छ भन्ने सबैले गहिरो गरी महसुस गर्नु जरुरी छ ।'

मुख्यमन्त्री पोखरेलले नेपाली समाजमा प्रतिस्पर्धाका माध्यमबाट नेपालको कम्युनिष्ट आन्दोलनलाई स्थापित गर्ने तथा संवैधानिक प्रतिस्पर्धाका माध्यमबाट समाजवाद निर्माण गर्ने नेकपाले लिएको लक्ष्यलाई कसरी स्थापित गर्न सकिन्छ भन्ने विषयमा भण्डारीका विचार अत्यन्तै सान्दर्भिक र सार्थक रहेको बताए । उनले नेताहरु कुनै रहस्यमय अलौकिक कथाका पात्र जस्तो नभएर निरन्तर कार्यकर्ता र जनताबाट अनुमोदित हुनुपर्ने र पार्टी कमिटी प्रणाली शृंखलाबद्ध हुन सके मात्र समाजलाई रुपान्तरण गर्न सक्ने पार्टी निर्माण गर्न सकिनेमा जोड दिए ।

# गैरआवासीय नेपाली संघको टर्की शाखा गठन

**काठमाडौं/रासस-** गैरआवासीय नेपाली संघ (एनआरएनए) ले टर्कीमा आफ्नो शाखा विस्तार गरेको छ । 'टर्की नेपाली समाज' का अध्यक्षसमेत रहेका उज्वलकुमार घिसिङको अध्यक्षतामा १९ सदस्यीय तदर्थ समिति गठन गरिएको एनआरएनएले जनाएको छ। टर्कीमा हजारौंको संख्यामा नेपाली रहेको र हाल विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना भाइरसको संक्रमणका कारण समस्यामा परेका नेपालीलाई समिति गठनपछि सहयोगका लागि समन्वय गर्न सहज हुने एनआरएनएले विश्वास लिएको छ । एनआरएनएका उपाध्यक्ष डा बद्री केसीले विशेष पहलमा टर्कीमा रहेका नेपालीहरुसँगको छलफलपछि समिति गठन गरिएको हो। समितिले शुक्रबार भिडियो कन्फ्रेन्समार्फत छलफल गरी कोरोनाका कारण टर्कीमा समस्यामा परेका नेपालीलाई सहयोगका लागि पहल गर्ने निष्कर्ष निकालेको एनआरएनएको 'कोभिड-१९ उच्चस्तरीय समिति' अन्तर्गतको स्वास्थ्य समितिका सदस्य अतुल कोइरालाले जानकारी दिए । टर्कीमा अवैधानिकरूपमा बस्दै आएका नेपालीहरुले कोरोना भाइरसको जोखिम रहेको अवस्थामा टर्की सरकारले हाल स्वदेश फर्किने वातावरण बनाइदिएको भन्दै स्वदेश फिर्तीका लागि पहल गरिदिन नेपाल सरकारलाई आग्रह गरेका छन् । 'टर्की नेपाली समाज'ले यस अघि सुविधासहित घर फर्किन टर्की सरकारले दिएको समयसीमा सकिनासाथ अवैधानिक श्रमिकमाथि कारवाही हुने खतरा रहेको जनाउँदै स्वदेश फिर्तीका लागि पहल गरिदिन पत्रमार्फत इस्लामावादस्थित नेपाली राजदूतावासलाई अनुरोध समेत गरेको थियो ।

# चीनबाट आइपुग्यो पहिलो चरणको स्वास्थ्य सामग्री

**काठमाडौं/मस-** कोभिड- १९ महामारी रोकथाम, नियन्त्रण र प्रतिकार्यका लागि नेपाली सेनाको संयोजनमा चीनबाट खरिद गरिएको पहिलो चरणको स्वास्थ्य सामग्री काठमाडौं भित्रिएको छ ।

चीनको होङजुबाट स्वास्थ्य सामग्री लिएर हिँडेका १० कन्टेनर चीनको खासा र नेपालको तातोपानी हुँदै शनिबार काठमाडौं आइपुगेका हुन्। ती सामग्री त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलस्थित सेनाको १४ बाहिनीमा सङ्कलन गरिएको छ ।

सरकार-सरकारबीच भएको खरिद सम्झौताअनुसार चीनबाट कोभिड-१९ महामारी रोकथाम, नियन्त्रण र प्रतिकार्यका लागि ३४३ टन स्वास्थ्य सामग्री नेपाल ल्याइनेछ । पहिलो चरणमा स्वास्थ्यकर्मीले प्रयोग गर्ने व्यक्तिगत सुरक्षा सामग्री पिपिईलगायत एक एक हजार १८० क्युबी स्वास्थ्य सामग्री ल्याइएको नेपाली सेनाका प्रवक्ता विज्ञानदेव पाण्डेले जानकारी दिए ।

# 'अस्पतालकर्मीमा कोरोना संक्रमण छैन'

**काठमाडौं/मस-** महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालले कुनै पनि अस्पतालकर्मी कोभिड-१९ बाट संक्रमित नभएको जनाएको छ। शिक्षण अस्पतालमा कार्यरत कर्मचारीमा कोभिड-१९ देखिएको भन्ने खबरको खण्डन गर्दै अस्पतालका कार्यकारी निर्देशक प्रा डा प्रेमकृष्ण खड्गाले हालसम्म कोही अस्पतालकर्मीमा संक्रमण नदेखिएको जानकारी दिए ।

सत्यतथ्य नबुझी छिटो खबर प्रकाशित गर्ने होडले पत्रकारिताको विश्वसनियतामाथि प्रश्न उठ्न जाने भन्दै उनले समाजमा अनावश्यक त्रासको वातावरण नबनाउन र संयमता अपनाउन सबैलाई अनुरोध गरे । शिक्षण अस्पतालमा उपचार गर्न आएकी ६ वर्षीया बालिकामा बिहीबार कोभिड-१९ पुष्टि भएको थियो ।

ती बालिकामा कोभिड-१९ पुष्टि भएसँगै अस्पतालले बालिकको सम्पर्कमा आएका स्वास्थ्यकर्मीलाई क्वारेन्टाइनमा राखी स्वास्थ्य परीक्षण कार्यलाई जारी राखेको छ । संक्रमित बालिकालाई शिक्षण अस्पताल परिसरमै रहेको गणेशमान भवन बनाइएको आइसोलेशन वार्डमा राखिएको छ। उनको स्वास्थ्यस्थिति सामान्य रहेको अस्पतालले जनाएको छ ।

---

## अघि..

लागि अमेरिकाले ५० करोड र नेपाल सरकारको १३ करोड लाग्नेछ ।

तर, यसले सत्तारुढ नेकपाभित्र फेरि विवाद निकाल्ने देखिएको छ। बरिष्ठ नेता झलनाथ खनालको संयोजकत्वमा बनेको कार्यदलले संशोधन गरेर मात्रै एमसीसी पारित हुनुपर्ने सुझाव दिएको छ। गएको मंसिर अन्तिम साता बसेको केन्द्रीय कमिटी बैठकले झलनाथ खनाल नेतृत्वमा कार्यदल गठन गरेको थियो । उक्त कार्यदलको प्रतिवेदनका आधारमा एमसीसी टुंगो लगाउनुपर्ने केन्द्रीय कमिटी बैठकले कार्यादेश दिएको छ ।

कार्यदलमा समेत एकमत निर्णय हुन सकेको थिएन। संयोजक खनाल र नेता भीम रावलको प्रतिवेदनमा असन्तुष्टि जनाउँदै परराष्ट्रमन्त्री रहेका कार्यदल सदस्य प्रदीपकुमार ज्ञवालीले फरक मत राखेका छन् । तर, विवादकै बीच एमसीसी पारित गर्नेगरी नीति तथा कार्यक्रममा समावेश गरिएको सत्तारुढका एक नेताले बताए । उनका अनुसार, नीति तथा कार्यक्रमसँगै एमसीसी पारित गर्ने तयारी भएको छ । त्यसो भए आगामी आर्थिक वर्षदेखि यो परियोजना कार्यान्वयन हुनेछ ।

## नीति....

बन्द रहेकाले घरभाडा, कर्मचारीको तलव तथा ईजाजतपत्रका लागि बैंकबाट लिएको ऋणको साँवा तथा व्याज भुक्तानी गर्न समस्या रहेकोले ५० लाख रुपैयाँ धरौटी एक वर्षका लागि फिर्ता गरिदिनुपर्ने लगायतका माग राख्दै आएको थियो ।

त्यस्तै माग नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, संघका पूर्व अध्यक्ष रोहन गुरुङलगायतले प्रतिकुल अवस्थामा उत्पन्न भएकाले कार्यलय सञ्चालन तथा बजार प्रवर्द्धन गर्न एक वर्षका लागि धरौटी फिर्ताको माग गरेका थिए ।

अध्यक्ष गौरैले वैदेशिक रोजगार क्षेत्रका सबै पक्षबाट एकै स्वर उठाएका आवाजहरुलाई सम्वोधन नगरिएसम्म मुलुकले बढ्दो बेरोजगारीको समाधान पाउन नसक्ने भन्दै नीति तथा कार्यक्रम मार्फत भएको कमजोरी आगामी दिनमा पेश हुने आर्थिक वर्ष ०७७/०७८ को बजेट मार्फत सच्याइनुपर्ने माग समेत गरे ।

## सोचेजस्तो...

यूएईले दुई लाख भारतीय नागरिक फर्काउन आग्रह गरेकोमा शनिबारसम्म २ हजार मात्र फर्किन सफल भएका छन् । भारतले वृद्ध, विरामी र भिसा अवधि सकिएकाहरुलाई उद्धारमा प्राथमिकता दिएको बताएको छ । भारतले मे १६ देखि २३ को अवधिमा यूएईमा ३५ फ्लाईट गर्ने योजना सार्वजनिक गरेको छ । त्यसमा बढीमा १७ हजार यात्रु अटाउने बताइएको छ ।

म्यानमारले दक्षिण कोरिया, मलेसिया, यूएई, कतारबाट गरी १८४७ जनालाई फिर्ता गरेको छ । अन्तर्राष्ट्रिय उडान बन्द भएपछि बर्माले विमान चार्टर गरी सुरक्षाको उचित प्रवन्ध गर्दै आफ्ना नागरिक फर्काएको हो । त्यहाँ आइतबारसम्म १ सय ८३ संक्रमित भएका छन् भने ६ जनाको मृत्यु भएको छ ।

अन्य देशका नागरिकहरु धमाधम घर फर्किन थालेपछि सँगै काम गर्ने नेपालीहरुको मन झन् अत्तालिन थालेको बताइएको छ । वैदेशिक रोजगारीमा गएकामध्ये कम्तीमा ६ लाख नेपालीहरुलाई स्वदेश फिर्ता ल्याउनुपर्ने हालसम्मका अध्ययनले देखाएको परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले विभिन्न संसदीय समितिलाई जानकारी दिएका छन्। तर उद्धारको कार्य शुरु नहुँदा विदेशमा रहका नेपालीहरुले विपतको अवस्थामा सरकारले पिठ फर्काएको भन्दै गुनासो गरिरहेका छन् ।

## रोकिएन ....

६३ नेपालीको मृत्यु

कोरोनाबाट बेलायतमा ज्यान गुमाउने नेपालीको सङ्ख्या ६३ पुगेको छ । लण्डनस्थित नेपाली दूतावासका प्रवक्ता शरदराज आरणले शुक्रबार यो जानकारी दिए । हालसम्म मृत्य हुनेमा ५२ पुरुष र ११ महिला रहेका छन् ।

दूतावासको पहलमा गठन गरिएको सूचना सङ्कलन सहयोग समितिमार्फत दिएको जानकारीमा हालसम्म मृत्यु हुने भूपू गोरखा सैनिकको सङ्ख्या ५२ र गैरसैनिकको सङ्ख्या ११ छ। गत सोमबार दूतावासले कोरोनाबाट निधन हुनेको सङ्ख्या ६० पुगेको बताएको थियो ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७७/०२/०४

यस कम्पनीको मिति २०७६/०५/०५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **शुभ लक्ष्मी फार्मेसी एण्ड डिष्ट्रिव्युटर्स प्रा.लि. (प्रा.लि.नं. १९९३०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०५/१५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **शुभ लक्ष्मी फार्मेसी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



**शंखरापुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**साँखु, काठमाडौं**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र आह्वान सम्बन्धी सूचना**

सूचना प्रकाशन मिति : २०७७/०२/०४ (17thMay, 2020)

यस कार्यालयबाट संचालन हुने तपशिल अनुसारको निर्माण कार्य गर्नको लागि इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट रित पूर्वकको ३० दिने बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित गरिएको छ । सो को विस्तृत विवरण यस कार्यालयको ***website:www.shankharapurmun.gov.np*** र ***PPMO*** को ***website: www.bolpatra.gov.np/egp*** मा गई हेर्न सकिनेछ ।

**निर्माण कार्यको विवरण**

| S. No. | Contract Identification No. | Name of Project | Bid security amount NRs. | Bid document fee (Non – refundable) NRs. |
|---|---|---|---|---|
| 1 | SMO/076/77/26 | Construction of Ward No. 8 Building,Shankharapur Municipality, ward no 8, Kathmandu | 5,50,000 | 5000.00 |

**प्रमुख प्रशासकिय अधिकृत**
**शंखरापुर नगरपालिका**

# फुटबलको विकासका लागि तीन वर्षे योजना



**काठमाडौं, एजेन्सी-** विश्व फुटबल महासंघ फिफामा भ्रष्टाचार छ भन्दै पटक पटक आलोचना पनि हुने गर्छ। तर, कुनै विवाद विना नै फिफाको अध्यक्षमा निर्वाचित भएका जियोनी इन्फान्टिनो आफ्नो चार बर्षको समिक्षा मात्र गरेका छैनन्।

फुटबलको भविष्यलाई ग्लोबल बनाउन सकिन्छ भनेर मोडल पनि तयार पारेका छन्। सन् २०१६ मा फिफाको अध्यक्षको पद सम्हाल्दा फिफाले आफ्नो आवश्यकता रहेको महसुस गरेका इन्फान्टिनोले त्यसलाई पुरा पनि गरेका छन्। यसका साथै उनले अबको तीन बर्षमा फिफालाई साच्चिकै ग्लोबल बनाउने मोडल पनि तयार पारेका छन्।

फिफाले सार्वजनिक गरेको २०२० देखि २०२३ सम्मको विकाश मोडलमा ११ वटा उद्देश्यलाई राखेका छन्। ११ गोल नाम दिइएको सो मोडलमा फुटबलको नियमित कामलाई आधुनिक तरिकाले गर्ने, फुटबलमा धेरै लगानी भित्र्याउने, आम्दानी बढाउने, फिफाको इफिसेन्सीलाई बढाउने, आइकोनीक प्रतियोगिताहरुलाई अझ उत्कृष्ट बनाउने, प्रतियोगिताहरुलाई ग्लोबलाईज गर्ने जस्ता रहेका छन्।

नियमित कामको ढाँचालाई आधुनिकता दिने अध्यक्ष बनाएको कार्ययाजनामा उल्लेख छ। यसमा हरेक प्रतियोगिताको रिभ्यु गर्ने, यसका साथै बार्षिक क्यालेन्डरलाई पनि ग्लोबलाईज गर्ने रहेको छ। यस्तै खेलाडीको ट्रान्सफर सिस्टमलाई परिमार्जन गर्ने, फुटबलको नियमलाई विश्लेषण गरेर अझ विकसित बनाउने, फुटबलका स्टेकहोल्डरलाई बचाउनका लागि नयाँ मेकानिजमको सुरुवात गर्ने बताइएको छ। दोस्रो बुँदामा फुटबलको आम्दानी बढाएर पारदर्शीतालाई ध्यानमा राख्ने रहेको छ। यसमा नयाँ प्रतियोगितामा ब्यापारिकरण गरेर खेलका बेला र अरु बेला पनि फुटबललाई चलायमान बनाउने योजना रहेको छ। यस्तै फिफाको ब्रान्डलाई ग्लोबल रुपमा अझ शसक्त बनाउने, त्यसका लागि सोसियल र बिजनेश समुदायमा पुऱ्याउने बताइएको छ।




यस्तै फुटबलको नयाँ आयामको खोजी गरिने, त्यसबाट समर्थकले पनि सोझै सहभागिता गर्न पाउने ब्यवस्थाको सिर्जना गर्ने योजना छ। यसले फुटबल मुभमेन्टलाई अझ ग्लोबल रुपमा पुऱ्याउने विश्वास रहेको छ।

फुटबललाई अब डिजिटलको माध्यमबाट पनि विकाश गर्ने बताएको छ। यसले खेलाडी, समर्थक विचको दूरी कम गर्ने योजना रहेको छ।

फुटबलको स्टेकहोल्डरसँग नियमित रुपमा छलफल गर्ने, जसमा ग्रासरुटदेखि विकाश कार्यक्रमका विषयमा जोड दिइने बताएको छ। यस्तै आन्तरीक प्रक्रियाहरुको कामलाई डिजिटलाईज गर्ने, फिफाको दायरालाई फराकिलो पार्नका लागि उत्कृष्ट स्रोतको प्रयोग गर्ने बताइएको छ।

खेलाडी, टिम र रेफ्रिलाई पहिलो श्रेणीको सुविधा दिने। यस्तै समर्थक र ग्लोबल दर्शकका लागि युनिक अनुभवको मौका सिर्जना गर्ने, ब्रोडकास्टर्स, कमर्सियल पक्षलाई उच्च प्राथमिकता दिने बताएको छ।

फिफाको सबै प्रतियोगितालाई ग्लोबलाईज गर्ने, जसले फुटबलको प्रभाव सानो समुदायमा पनि पार्न सकिने बुझाई छ। फुटबलको माध्यमबाट ग्लोबल प्रभाव बढाउने योजना रहेको छ। यस्तै विश्वमा नै फुटबलको प्रतिस्पर्धालाई अझ बढाउने, क्षमतावान खेलाडीको विकाशका लागि उच्चस्तरीय विकाश कार्यक्रमको सुरुवात गर्ने, ग्रासरुट र सहभागितामुलक कार्यक्रम विश्वमा नै सुरु गर्ने, विश्वभर टेक्निकल डाइरेक्टर, प्रशिक्षकको विकाश गर्ने, ग्लोबल स्तरमा धेरै खेल्न मिल्ने प्रतियोगिताको सुरुवात गर्ने योजना रहेको छ।

यस्तै फुटबलबाट विश्वमा राम्रो प्रभाव पार्नका लागि सबै देशमा गुड गर्भनेन्स बढाउने, भौगोलिक रुपमा धेरै भन्दा धेरैको सहभागितालाई बढाउने, फुटबल विकाश गर्न भौतीक पूर्वाधारको पनि विकाश गर्ने, आफ्ना सदस्य राष्ट्रहरुमा ब्यवसायिकताको विकाशका लागि विभिन्न कार्यक्रम गर्ने, जसले राम्रो नेतृत्वको विकाश गर्नेमा विश्वास गरिएको छ।

यस्तै महिला फुटबलको विकाशको गतिलाई बढाउने योजनामा राखेको छ। महिला फुटबलमा हाल रहेका कार्यक्रमलाई आधुनिकरण गर्ने, महिला फुटबलको ब्यवसायिकतालाई मैदान भित्रमात्र होइन, बाहिर पनि उतिकै बढाउने, खेलको ब्यवसायीक भ्यालु बढाउने र महिला फटुबलको प्रतियोगितालाई परिमार्जित गर्ने फिफाको नयाँ योजना रहेको छ।

फुटबलमा हाल प्रयोग भइरहेका प्रविधीलाई झन् बढाउने, उनीहरुलाई अझ आधुनिक बनाउने योजना फिफाको छ। फुटबल प्रविधीलाई ग्लोबल रुपमा लिने भएको छ। यस्तै फुटबलमा सकारात्मक पक्षहरुलाई बढि जोड दिने फिफाको तीन बर्षे कार्ययोजना रहेको छ।

स्कुले किशोर देखि ग्रासरुट फुटबलका खेलाडीलाई स्कुलबाट नै फुटबलको कोर्ष राख्नका लागि पहल गर्ने भन्नेमा पनि फिफाको योजना छ। हालको पुस्ता र भविष्यको पुस्तालाई यो खेलमा आकर्षित गर्नका लागि फिफा लेजेन्ड्सको सहयोगमा शिक्षा दिने पनि बताइएको छ।

# ट्रम्प र मोदीवीच फोनवार्ता





**वासिङ्टन, एजेन्सी-** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीवीच फोनवार्ता भएको छ। प्राप्त समाचारअनुसार उनीहरुबीचको फोनवार्ताका क्रममा पछिल्लो समयमा अमेरिका र भारतले कोभिड १९ संक्रमणका विरुद्धमा गरिरहेको संघर्षका बारेमा कुराकानी भएको छ।

त्यस फोनावार्ताका क्रममा राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई भारत अमेरिकाको एक असल मित्र राष्ट्र भएको बताएका थिए। अमेरिकामा राष्ट्रपति ट्रम्पले त्यहाँ रहेका भारतीय अमेरिकीहरुलाई सन्देश दिने क्रममा सो धारणा राखेका थिए। वासिङ्टनमा सम्वाददाताहरुसँग राष्ट्रपति ट्रम्पले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीवीच आफ्नो शुक्रबार साँझ नै फोनवार्ता भएको बताएका थिए। त्यसक्रममा राष्ट्रपति ट्रम्पले भारतीय मूलका अमेरिकी नागरिक तथा सम्वाददाताहरुसँग भने 'तपाईंहरुका प्रधानमन्त्री नरेन्द्र मोदी मेरा एक असल मित्र हुनुहुन्छ, हाम्रो आज मात्र पनि कुराकानी भएको थियो।'

भारत अमेरिकाको एक असल मित्र राष्ट्र हो- अमेरिकी राष्ट्रपति ट्रम्पले त्यस अवसरमा भनेका थिए। 'हामी दुवै देश यतिखेर कोभिडको महामारीका विरुद्धमा लडिरहेका छौं र हामीले यस महामारीविरुद्धमा विजय प्राप्त गर्नका लागि एक आपसमा सद्भाव र शुभकामना पनि साटासाट गरेका छौं।' ट्रम्पको भनाई थियो। अमेरिकाले भारतसँग निकै नजकिको सम्बन्ध कायम गरेर सहमति र सहकार्य गरिरहेको पनि उहाँले जानकारी दिएको समाचारमा बताइएको छ।

राष्ट्रपति ट्रम्पले त्यस अवसरमा अमेरिकामा ठूलो संख्यामा भारतीय नागरिकहरु बसिरहेको र उनीहरु र अमेरिकी नागरिकबीच असल सम्बन्ध पनि रहेको बताएका थिए।

## अफगानिस्तानमा सशस्त्र आक्रमणमा ९ तालिबानको मृत्यु



**गार्डेज, एजेन्सी-** अफगानिस्तानको पूर्वी प्रान्त पाक्टियामा शनिबारमा सुरक्षा अधिकारीहरु र तालिबानी लडाकू समूहबीच भएको झडपमा कम्ती नौ तालिबान आतङ्ककारी मारिएका छन्। यस झडपको क्रममा २ सैनिक र पाँच आतङ्ककारी घाइते भएका सैनिक स्रोतले पुष्टि गरेको छ। पानीको बाँधको सुरक्षार्थ रहेका अफगान सुरक्षाकर्मीमाथि तालिबान सशस्त्र समूहका सदस्यले आक्रमण गरेका बताइएको छ।

पूर्वी पाक्टिया प्रान्तको सैयद करम जिल्लामा रहेको मचाल्घोमा खानेपानीको बाँधको सुरक्षामा रहेका चौकीमा सशस्त्र आतंककारीहरूले हमला गरेका थिए। त्यस क्रममा सुरक्षा बलले आक्रमणकारीको हमलाको जवाफी कारबाही गरेको र सोही कारबाहीमा नौ जना तालिबान आतङ्ककारी मारिएका अफगान सेनाको स्रोतले सिन्ह्वा समाचार समितिलाई जानकारी दिएका हुन्।

घाइते सुरक्षाबलका दुई सदस्यलाई सेनाको शिविरको अस्पतालमा लगिएको थियो। नजिकैको पहाडबाट आएर तालिबान आतङ्ककारी समूहले सुरक्षाबलमाथी हमला गरेको बताइएको छ।

# अर्को सातावाट आउटडोर अभ्यास गर्ने



**काठमाडौं, एजेन्सी-** इंग्ल्याण्ड तथा वेल्स क्रिकेट बोर्डले अर्को साताबाट आउटडोर प्रशिक्षण सुरु गराउने भएको छ। जसका लागि कडा नियम तयार पारेको छ। जसमा एक खेलाडीले एक बल प्रयोग गर्न पाउनेछन्।

कोरोनाका कारण बन्द रहेको क्रिकेटलाई सुचारु गर्ने लक्ष्यका साथ इंग्ल्याण्ड र वेल्स क्रिकेट बोर्डले विशेष नियम बनाउँदै खेलाडीलाई प्रशिक्षणमा ल्याउन लागेको हो।

खेलाडीले प्रशिक्षणका बेला बलमा थुक लगाउन नपाउने, आफुले प्रयोग गरेको बललाई आफुसँग राख्नुपर्नेछ। खेलाडीले प्रशिक्षकसँग दुई मिटरको दुरी राख्नुपर्नेछ। फिजियोलाई पीपीई किट लगाएरमात्र खेलाडीलाई छुन पाउने नियम बनाइएको छ।

ब्याटिङका बेला खेलाडी प्रशिक्षकलाई हातले बल दिन नपाउने भएका छन। नयाँ नियम बनाएपछि सुरक्षाका कारण बोर्डको खर्च अझ बढ्ने बताइएको छ। इंग्ल्याण्डले पाकिस्तानसँग ६ वटा टेष्ट खेल्न सक्ने बताइएको छ।

जुलाईमा हुने भनिएको टेष्ट सिरीज अगाडी इंग्लिस बोर्डले मोटो रकम सुरक्षामा खर्च गर्नुपर्ने देखिएको छ। वेष्ट इन्डिजबाट करिव ३० खेलाडी आउने आंकलन गरिएको छ। उनीहरुका लागि निजी फ्लाइटका लागि करिव चार करोड खर्च हुनेछ। उनीहरुलाई क्वारेन्टिनमा पनि राख्नुपर्ने हुन्छ। जसका खर्च इंग्लिस क्रिकेट बोर्डले ब्यहोर्नुपर्नेछ। यो सिरीज भन्दा अगाडी बोर्डले आफ्ना खेलाडीलाई पनि सुरक्षित राख्नका लागि विशेष सावधानी अपनाउने बताइएको छ।

# भारतमा कोरोना संक्रमितको संख्या ८६ हजार पुग्यो



**नयाँदिल्ली, एजेन्सी-**भारतमा कोरोना संक्रमितको संख्या ८६ हजार पुगेको छ।

पछिल्लो २४ घण्टामा मात्रै भारतमा ३ हजार ९७० जना कोरोना भाइरस संक्रमित थपिएका छन्। यसैसँगै भारतमा शनिबारसम्म कोभिड-१९ संक्रमितको संख्या ८५ हजार ९४० जना पुगेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

भारतमा शुक्रबार एकै दिनमा १०३ कोरोना भाइरस संक्रमितको मृत्यु भएको छ। त्यसपछि भारतमा कोभिड १९ बाट मृत्यु हुने व्यक्तिको संख्या २ हजार ७५२ जना पुगेको छ। यस संक्रमणबाट निको भएका बिरामीको संख्या ३० हजार १५२ जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ।

कोभिड-१९ बाट सबैभन्दा बढी भारतको महाराष्ट्र राज्यमा नागरिक संक्रमित भएका छन्। यहाँमात्र २९ हजार १०० नागरिक कोरोना भाइरस संक्रमित रहेका छन्। भारतमा कोरोना भाइरस संक्रमणका ४० प्रतिशत महाराष्ट्रका नागरिक रहेका छन्। महाराष्ट्रमा ६ हजार ५६४ व्यक्ति निको भएर फर्किएका छन्। महाराष्ट्रमा कोरोना भाइरसको संक्रमणबाट १ हजार ६८ जनाको मृत्यु भएको छ।

महाराष्ट्रपछि तमिलनाडू दोस्रो स्थानमा रहेको छ। त्यहाँ १० हजार १०८ जनामा कोरोना भाइरसको संक्रमण रहेका छन्। गुजरातमा ९ हजार ९३१ संक्रमति रहेका छन्। दिल्लीमा कोरोना भाइरसको संक्रमणको संख्या ८ हजार ९३१ पुगेको छ।

संक्रमण फैलिने क्रम नरोकिएपछि भारत सरकारले देशव्यापी लकडाउनलाई थप दुइ साताको लागि लम्बाएको थियो। भारतले गत मे ४ देखि लागू हुने गरी थप दुइ साताको लागि तेस्रो चरणको लकडाउन गर्ने निर्णय गरेको थियो। भारतमा पहिलो चरणको लकडाउन २४ मार्चमा लगाइएको थियो। दोस्रो लकडाउन १५ अप्रिलमा शुरु भएको थियो। दोस्रो लकडाउन मे ३ मा सकिदै थियो। कोरोना भाइरसको संक्रमण देशभरी बढ्दै गएपछि दोस्रो लकडाउन नसकिदै तेस्रो लकडाउन मे १७ सम्मको लागि घोषणा गरिएको थियो। प्रधान मन्त्री नरेन्द्र मोदी थप योजनासहित चौथो चरणको लकडाउन गर्ने बताउनु भएको छ।

# मध्य प्रदेशका नौ जिल्ला कोरोनामुक्त घोषित

**भूपाल, एजेन्सी-**भारतको मध्य प्रदेशका नौ जिल्लालाई कोरोनामुक्त जिल्लाको रुपमा घोषणा गरिएको छ। मुख्य सचिव मोहम्मद सुलेमानले प्रदेश अन्तर्गतका नौ जिल्लालाई प्रदेश सरकारले कोरोनामुक्त जिल्ला घोषणा गरेको जानकारी दिए। उनका अनुसार कोरोनामुक्त घोषित जिल्लाहरुमा बरवानी, अगर मलवा, शाजपुर, शेओपुर, अलिराजपुर, हार्दा, शाहडोल, टिकमगढ र बेटुल रहेका छन्। गत शुक्रबार बसेको समिक्षा बैठकले ती जिल्लाहरुको अवस्थाका बारेमा समिक्षा गर्दै कोरोनामुक्त जिल्ला घोषणा गरेको हो।

यी जिल्लाहरुमा अहिलेसम्म कोरोनाभाइरसबाट संक्रमितहरु नदेखिएपनि कोरोनामुक्त जिल्ला घोषणा गरिएको उनको भनाई छ। राज्यभरी कोरोनाभाइरसको सङ्क्रमण भएको छ की छैन भनेर परिक्षण गर्ने क्रम अत्यधिक बढाइएको पनि सचिव सुलेमानले जानकारी दिए।

उनले शुक्रबार मात्रै थप पाँच हजार ८२२ जनाको स्वाब नमुना संकलन गरिसकिएको पनि बताउनुभयो। यस प्रदेशमा अहिलेसम्म ९३ हजार ८४९ जनाको नमुन परिक्षण गरिएको थियो। शुक्रबारसम्ममा प्रदेशभरी चार हजार ५९५ जनामा कोरोनाभाइरसको संक्रमण देखिएको अधिकारीहरुले जनाएका छन्।


## लिखु तामाकोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

धोवीबजार, रामेछाप
बागमती प्रदेश, नेपाल

## सूची दर्ता गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७७/०२/०४**

यस कार्यालयको लागि आ.व. २०७६/०७७ मा तपशिल बमोजिमका सामानहरु तथा सेवाहरु एकै पटक वा पटक पटक आपूर्ति गर्न गराउनको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सूची तयार गर्नुपर्ने भएकोले सो कार्यको लागि आवश्यक योग्यता पुगेका इच्छुक सम्बन्धित इजाजत प्राप्त व्यक्ति, संस्था, आपूर्तीकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकले एक भन्दा बढी कार्यहरुको लागि छुट्टाछुट्टै विवरण भरी यस कार्यलयमा सूची दर्ता गराउनको लागि आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

१) स्टेशनरी मसलन्द तथा कार्यालय सम्बन्धी सामानहरु आपूर्ती कार्य।
२) छपाइ गर्ने र त्यस सम्बन्धी सामानहरु आपूर्ती कार्य।
३) अफिस फर्निचर तथा फर्निसिङ्ग सम्बन्धी सामानहरु आपूर्ती तथा मर्मत कार्य।
४) Computer, Laptop, Printer, Fax, Photocopy Machine, Relephone Set, Projector आपूर्ती र मर्मत कार्य।
५) खानेपानी (मिनरल र ड्रिङ्किङ्ग वाटर) आपूर्ती कार्य।
६) सवारी साधन (कार, जिप, मोटरसाइकल, दमकल, हेवी इक्वीपमेन्ट) सम्बन्धी सामानहरु आपूर्ती तथा मर्मत कार्य।
७) कुरियर सेवा संचालन कार्य।
८) सार्वजनिक सम्पत्ति (भवन, वाल बाउन्ड्री, ट्रस आदि) निर्माण तथा सोको मर्मत सम्भार कार्य।
९) खानेपानि, सडक, बिद्यूत, सिंचाई लगायतको निर्माण तथा सोका सामानहरुको आपूर्ति तथा मर्मत सम्भार कार्य।
१०) विज्ञापन तथा सूचना प्रकाशन तथा प्रशारण कार्य।
११) श्रव्य दृश्य सामाग्री निर्माण तथा प्रशारण कार्य।
१२) Consultancy Service ( योजना तर्जुमा, वित्तिय अध्ययन, अनुसन्धान, अनुगमन, निरिक्षण, इष्टिमेट गर्ने , गुरुयोजना, डिपिआर लगायतका प्रविधिक तथ विशेषज्ञ सेवा) को कार्य।
१३) वेबसाइट डिजाइन संचालन अपडेट, सफ्टवेयर निर्माण सम्बन्धी कार्य।
१४) यस कार्यालय र अन्तर्गत कार्यलयको लागि आवश्यक पर्ने मेशिनरी सामान (जेनेरेटर, इन्भर्टर, युपिएस, भ्याकुम क्लिनर आदि) सम्बन्धी सामानहरु आपूर्ती तथा मर्मत कार्य।
१५) इन्जिनियरिङ्ग, ड्रईङ, डिजाइन निर्माण सुपरिवेक्षण गर्ने कार्य।
१६) कार्यालय अन्तर्गतको सम्पत्ति, पार्क, सार्वजनिक स्थल, बगैचा निर्माण, संचालन तथा मर्मत कार्य।
१७) मेडिकल उपकरण सम्बन्धी सामानहरु आपूर्ती तथा मर्मत कार्य।
१८) औषधि तथा औषधिजन्य सम्बन्धी सामानहरु आपूर्ती कार्य।
१९) कृषिजन्य सामाग्री सम्बन्धी सामानहरु आपूर्ती कार्य।
२०) ईन्जिनियरिङ सम्बन्धी सामानहरु आपूर्ती कार्य।

**निवेदकले पेश गर्नुपर्ने कागजातहरूको विवरणः**

क) कम्पनी/संस्था/फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
ख) स्थायि लेखा नंम्बर जा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
ग) आ.व. ०७५/७६ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
घ) आवश्यकता अनुसारको व्यवसायिक इजाजतपत्रको प्रमाणित प्रतिलिपि।

**अन्य जानकारीहरूः**

१) माथि उल्लेख गरिएका निवेदकले पेश गर्नुपर्ने विवरणहरु नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्ने छ।
२) माथि उल्लेखित एक भन्दा बढी कार्य एउटै कम्पनी/संस्था/फर्मबाट गर्ने भएमा छुट्टाछुट्टै कार्यको लागि छुट्टाछुट्टै सूची दर्ता गराउनु पर्नेछ।
३) सूचीकृत भएका कम्पनी/संस्था/फर्मबाट कार्यालयको आवश्यकता अनुसार सामान वा सेवा वा निर्माण कार्य गर्न सकिने छ।
४) सूचीकृत भएका कम्पनी/संस्था/फर्म हरुले सन्तोषजनक सामान वा सेवा वा निर्माण कार्य गर्न नसकेमा सूचिकृतबाट हटाउन सकिनेछ। सो उपर कुनै दावी विरोध लाग्ने छैन।
५) कम्पनी/संस्था/फर्म सूचिकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।
६) सूचीकृत गराउन चाहने कम्पनी/संस्था/फर्म ले आफ्नो फर्मको ठेगाना, सम्पर्क नं. मोबाइल नं. र सम्पर्क वयक्ति समेत स्पष्ट उल्लेख गर्नुपर्ने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

# ६३५ मेगावाटको दुधकोसीमा लगानी जुटाउन पहल, १६० अर्ब लागत



**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ जेठ

सरकारले प्रदेश नं १ को दीर्घकालीन महत्वको दूधकोशी जलाशयुक्त जलविद्युत् आयोजनाका लागि स्रोत जुटाउने प्रयास थालेको छ। कूल ६३५ मेगावाट क्षमताको सो आयोजनाका लागि आवश्यक स्रोतका लागि सरकारले विकास साझेदारहरूसँग छलफल शुरु गरेको हो।

अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा र नेपाल विद्युत् प्राधिकरणले शुक्रबार भिडियो कन्फ्रेन्समार्फत आयोजनामा लगानीका लागि इच्छुक एशियाली विकास बैक (एडिबी), युरोपेली लगानी बैंक (इआइबी), एशियाली पूर्वाधार लगानी बैंक (एआइआइबी) र कोरियाली एक्जिम बैंकका प्रतिनिधिसँग प्रारम्भिक बैठक सम्पन्न गरेको छ।

छलफलमा महाशाखा प्रमुख सहसचिव श्रीकृष्ण नेपालले जलाशययुक्त आयोजनाको निर्माण सरकारको प्राथमिकतामा रहेको र दूधकोशी तुलनात्मक रूपमा सस्तो एवं आकर्षक रहेकाले आयोजनामा लगानी गर्न ती विकास साझेदाहरूसँग आग्रह गर्नुभएको थियो। प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले आयोजनाको हालसम्मको अवस्था, लागत, लगानी ढाँचा, जलाशययुक्त आयोजनाको महत्वलगायत विषयमा लगानीकर्ता एवं विकास साझेदारलाई जानकारी गराएका थिए।

बैंकहरूले लगानीका लागि प्रारम्भिक सहमति जनाउँदै लगानी ढाँचाको ठोस प्रस्ताव अर्थ मन्त्रालयमार्फत पेश गर्न आग्रह गरेको प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले राससलाई जानकारी दिऐ। आयोजनामा एशियाली विकास बैंक (एडिबी)ले ५५ करोड अमेरिकी डलरसम्म, इआइबीले ५० करोड डलरसम्म, एआइआइबीले ३० करोड डलरसम्म र एडिबीको निजी क्षेत्रमा लगानी गर्ने संयन्त्रमार्फत २० देखि ३० करोड डलरसम्म लगानी गर्न सकिने जानकारी गराएका छन्।

कार्यकारी निर्देशक घिसिङका अनुसार कोरियन एक्जिम बैंकले हाइड्रोमेकानिकल, इलेक्ट्रोमेकानिकल र प्रसारण लाइनमध्ये कुनै एकमा सम्पूर्ण लगानी गर्न सकिने जानकारी गराएको छ। सरकारले आगामी आर्थिक वर्ष २०७७/७८को नीति तथा कार्यक्रममार्फत दूधकोशीलाई प्राथमिकतामा राख्दै निर्माण थाल्ने घोषणा गरेको छ। गत पुसमा आयोजनास्थलको निरीक्षणमा गएका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले दूधकोशीलाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा अगाडि बढाउने बताए।

जापानी अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले पहिचान गरेका १० उत्कृष्ट जलाशययुक्त जलविद्युत् आयोजनामध्ये दूधकोशीलाई पहिलो प्राथमिकतामा राखिएको छ। आयोजनाको अनुमानित आधार लागत एक अर्ब ५३ करोड डलर (करिब रु एक खर्ब ६० अर्ब) र निर्माण अवधिको ब्याज, करसहित सम्पूर्ण लागत करिब दुई अर्ब डलर पुग्ने अनुमान गरिएको छ।

सहवित्तीयकरणमार्फत लगानी गर्ने बैंकको नेतृत्व एडिबीले गर्ने जनाइएको छ। एडिबीकै अनुदानमा आयोजनाको विस्तृत डिजाइन अन्तिम चरणमा पुगेको छ। "दैनिक एवं मौसमी विद्युत् माग र आपूर्तिको सन्तुलन कायम गर्न र मुलुकभित्र खपत हुन नसकेको विद्युत् छिमेकी मुलुकमा निर्यातका लागि समेत जलाशययुक्त आयोजना तत्काल निर्माण अगाडि बढाउनुपर्छ", घिसिङले भने।

दूधकोशीको विस्तृत अध्ययन अन्तिम चरणमा पुगेको छ, अध्ययन भएका जलाशययुक्त आयोजनामध्ये लागत र ऊर्जा उत्पादनका आधारमा दूधकोशी तुलनात्मकरूपमा सस्तो र आकर्षक भएकाले यो आयोजना आर्थिकरूपमा लगानीयोग्य भएको बैंकहरूलाई जानकारी गराएको घिसिङले जानकारी दिए।

आयोजनाबाट वार्षिकरूपमा तीन अर्ब ४४ करोड ३० लाख युनिट ऊर्जा उत्पादन हुनेछ। यसमध्ये हिउँदमा एक अर्ब ३५ करोड ८० लाख र बर्खामा दुई अर्ब आठ करोड ४० लाख युनिट ऊर्जा उत्पादन हुने अध्ययनबाट पत्ता लागेको छ। उत्पादित बिजुली प्रस्तावित सुनकोशी-ढल्केबर ४०० केभी प्रसारण लाइनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा जोडने गरी अध्ययन भएको छ।

आयोजनाबाट खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बुको तीन हजार ८७६ हेक्टर जमिन प्रभावित हुनेछ। जलाशययुक्त भएता पनि विस्थापित हुने घरधुरी तुलनात्मकरूपमा कम रहेका कारण आकर्षक आयोजनाको रूपमा रहेको छ। कूल १६२ घरपरिवार मात्र पूर्णरूपमा विस्थापित हुने र ९८८ परिवार आंशिक प्रभावित हुने अध्ययनबाट पत्ता लागेको छ। यस्तै एक हजार ५० घरपरिवारको खेतीयोग्य जमिन डुबानमा पर्ने छ। आयोजनाका लागि २२० मिटर अग्लो बाँध निर्माण गरी दूधकोशी नदीमा १७ किलोमिटर, रावा खोलामा आठ किलोमिटर र ठोट्ने खोलामा ५.५ किलोमिटर लामो जलाशय बनाइने छ। यस्तै १३.३० किलोमिटर लामो सुरुङ निर्माण हुनेछ।

आयोजनास्थलसम्म पुग्ने पहुँच सडक लगभग तयारी अवस्थामा रहेका कारण थप सहज रहेको प्राधिकरणको बुझाइ छ। आयोजनालाई सरकारले विशेष प्राथमिकतामा राखेर र आगामी आवको नीति तथा कार्यक्रममा समेत समावेश गरेको छ। ऊर्जा, जलस्रोतमन्त्री वर्षमान पुनले हरेक प्रदेश एक ठूला आयोजनाको अवधारणा अगाडि सारेका छन्। सोही कार्ययोजनासहितको अवधारणामा सो आयोजनालाई प्रमुख प्राथमिकतामा राखेर अगाडि बढाउन लागिएको छ। मन्त्री पुनले वैदेशिक लगानीमा नै सो आयोजना अगाडि बढाउने गरी सरकारले प्रयास गरिरहेको यसअघि नै स्पष्ट पारीसकेका छन्।

## सीएनआई भन्छ–
# नीति तथा कार्यक्रम सकारात्मक हुँदाहुँदै पनि आर्थिक पुनर्उत्थानमा केन्द्रित छैन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ जेठ

राष्ट्रपति विद्यादेवी भण्डारीले शुक्रबार संसदको संयुक्त सदनमा प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रमले वर्तमानको कोभिड १९ ले सिर्जना गरेका स्वास्थ्य समस्यालाई सम्बोधन गर्ने प्रयास गरेको नेपाल उद्योग परिसंघ (सीउनआई)ले जानकारी दिएको छ। सीउनआईका अनुसार रोजगारी सिर्जना र कृषिमा जोड दिने सहायक प्राथमिकता पनि सकारात्मक छ।

तर निजी क्षेत्रलाई अघि बढाउन आर्थिक पुनर्उत्थान कार्यक्रम ल्याउने घोषणा पनि महत्वपूर्ण छ। तर, राहत तथा पुनर्उत्थानमा केन्द्रित विस्तृत र पर्याप्त कार्यक्रम नआएको सीउनआईको ठहर छ।

अल्पकालीन राहत तथा पुनर्उत्थानका लागि कुल ग्राहस्थ उत्पादनको कम्तिमा करिब ५ प्रतिशत रकम विशेष प्रभावित क्षेत्रहरूसँग हस्तान्तरणको व्यवस्था मिलाई अर्थतन्त्र चलायमान बनाइनु पर्छ भन्ने सबै निजी क्षेत्रको सुझाव थियो। यसमा पनि पर्याप्त ध्यान नपुगेको सीउनआईले जानकारी दिएको छ।

'हामीले आर्थिक पुनर्उत्थानको राष्ट्रिय संकल्प घोषणा गरी अर्थतन्त्रमा क्षति कम गरी बचाउने अल्पकालीन राहत र आर्थिक पुनर्उत्थानका विस्तृत कार्यक्रम ल्याउन सुझाव दिएका थियौं' सीएनआईद्वारा जारी विज्ञप्तीा भनिएको छ, 'अहिलेका लागि बजेटमा आर्थिक पुनर्उत्थानका विस्तृत कार्यक्रम आउने छन् भन्ने अपेक्षा राखौं। अर्थमन्त्रीले यसमा पक्कै पनि ध्यान पुर्याउनु हुनेछ।'

समग्रमा यो नीति तथा कार्यक्रम सकारात्मक भए पनि मुख्य चुनौती कार्यान्वयनको हो। यसका लागि हामीले समयबद्ध कार्यक्रम र कार्यान्वयन अनुगमन गर्न निजी क्षेत्रको सहभागितामा उच्चस्तरीय संयन्त्र आवश्यक छ भनेका छौं। यसमा परिसंघले दिएका धेरै नीतिगत सुझावहरु समेटिएको छ।

मुख्य कुरा घोषित नीतिका लागि बजेट व्यवस्था र कार्वान्वयन संयन्त्र कस्तो बन्छ त्यसले परिणाम दिने हो। जस्तै स्वदेशी वस्तुको उपयोग गरौं, आन्तरिक उत्पादनलाई प्रोत्साहन गरौं' भन्ने नारा सहित सरकारले स्वदेशी वस्तु उपयोग गर्ने अभियान चलाउने घोषणा सामयिक भएको तर, यसको सफलताको सर्त भनेको उत्पादन बढाउन वस्तुको मूल्य र गुणस्तर उच्च हुनुपर्छ भन्नेमा जोड दिईएको छैन। त्यसका लागि उत्पादनको मूल्य घटाउँदै उद्योगहरुलाई प्रतिस्पर्धी बनाउनु पर्छ। यसका लागि औद्योगिक वातावरणमा सुधार तथा कच्चा पदार्थको उपलब्धता र र श्रम लचकता अत्यन्तै जरुरी छ। यस्तो आधारभूत तथ्यमा सरकार अझै स्पष्ट र उदार भएर आउनु पर्थ्यो भन्ने हाम्रो दृढ भनाइ छ। यसमा सँधै कागजी प्रयत्न मात्र भएका छन्। त्यसैले राष्ट्रिय औद्योगिकरण र रोजगारी सिर्जनामा गुणात्मक प्रगति हुन सकिरहेको छैन।

वर्तमान विषम परिस्थितीमा अर्थतन्त्रको आधारभूत नियम 'माग र आपूर्ति'मा देखिएको असाधारण झट्कालाई थेग्न सामान्य वित्तीय तथा मौद्रिक उपकरणहरूको सहाराले अर्थतन्त्र बाँच्नै सक्दैन। अर्थ व्यवस्थाका सामान्य नियम लागू हुन सक्दैनन्। तर पनि यो संकटबाट भाग्ने ठाउँ नभएकाले यसलाई थेगेर अघि बढ्दै बलियो अर्थतन्त्र निर्माण गर्ने अवसर पनि छ। यसका लागि सरकारले बजेट मार्फत निजी क्षेत्रलाई विश्वासमा लिएर अघि बढ्नु आवश्यक भएको सीएनआईका ठहर छ।

# सिंहदरबारको प्रवलीकरण पुनः सुरु



**काठमाडौं/मस**-विश्वब्यापी रुपमा फैलिएको कोरोनाका कारण रोकिएको सिंहदरबार प्रबलीकरणको कार्य पुन सुरु भएको छ। हाल सो क्षेत्रको पश्चिम मोहडामा जगको काम भइरहेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाईले जानकारी दिएको छ।

ईकाका अनुसार बाँकी तीन वटा मोहडामा प्रबलीकरणको मुख्य काम सम्पन्न भई टायल र मार्वल एवं पेन्टिङको काम भइरहेको छ। सिंहदरबार प्रबलीकरण कार्यको कार्यान्वयन हेर्ने प्राधिकरण अन्तरगतको केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) उपनिर्देशक झप्परसिंह विश्वकर्माले स्वास्थ्य तथा सुरक्षाका उपाय अपनाएर कामदार थप्दै प्रबलीकरण कार्यलाई अघि बढाएको बताएका छन।

विश्वकर्माका अनुसार निर्माण कम्पनीले हाल निर्माणस्थलमा बाँकी रहेका तथा स्थानीय स्तरमा उपलब्ध निर्माण सामग्रीमार्फत कामलाई निरन्तरता दिएको छ। कामदारहरुलाई सानो सानो समूहमा परिचालन गर्ने तथा कार्यक्षेत्रमा जानुअघि ज्वरो नाप्ने गरिएको निर्माण कम्पनी गौरी पार्वती-न्यू टेक्निकल जेभीका प्रतिनिधि लक्ष्मी सुवेदीले जानकारी दिएकी छिन।

चारवटा मोहडाको प्रबलीकरणमा हाल १ सय १९ कामदारले काम गरिरहेका छन्। सुवेदीले कामदारहरुलाई कार्यस्थलमै बस्ने तथा खाने व्यवस्था गरिएकोसमेत जानकारी दिएकी छिन। त्यसैगरी, लकडाउनका कारण रोकिएका रानीपोखरी एवं धरहरा पुनर्निर्माणको काम पुनः सुरु भएको छ।

# कर्णाली राजमार्ग स्तरोन्नति हुँदै



**काठमाडौं/मस**-कर्णाली राजमार्गको नाग्म-जुम्ला सडक खण्डको १५ किलोमिटर सडक बन्दाबन्दीमा पनि स्तरोन्नति कार्य हुँदैछ। हालसम्म पाँच किलोमिटर सडक स्तरवृद्धि भइसकेको र १० किलोमिटर सडकको स्तरवृद्धि गर्ने काम चलिरहेको हिराचन खड्का जेपी कम्पनी जुम्लाले जनाएको छ।

लकडाउनकै बीचमा हिराचन खड्का जेपी कम्पनीले सडक स्तरवृद्धिको काम गरिरहेको छ। सवारी साधनको आवागमनको कमी हुने भएकाले सडक स्तरवृद्धिको कामलाई तीव्रताका साथ अघि बढाएको कम्पनीका प्रतिनिधि सुमन खड्काले बताए। यहाँको धौलापानी र नाग्म खण्डमा सडक चौडा गरी कालोपत्र गर्ने र पहिलो कालोपत्र भएको सडकमा अलकत्रा छर्केर पिच गर्ने कार्य भइरहेको छ।

गत वैशाखको ८ गतेदेखि कर्णाली राजमार्गअन्तर्गतको नाग्म-जुम्ला सडकको स्तरवृद्धि कार्य शुरुआत गरिएकामा अहिले धमाधम काम भइरहेको कम्पनीले जनाएको छ। सामाजिक दूरी कायम गर्दै सडक निर्माण सञ्चालन भएको छ। सवारी चालकसहित २८ जना कामदार परिचालित रहेका छन्। उनीहरूलाई साबुन पानीले हातधुनेदेखि मास्क र खान बस्नका लागि कम्पनीले व्यवस्थापन गरेको खड्कले बताए। लकडाउनले गर्दा अहिले कर्णाली राजमार्गको जुम्ला-नाग्म सडक खण्डमा निश्चित सवारी साधन सञ्चालन हुने गरेका छन्। कर्णाली राजमार्गको अवस्था सुधार भएपछि जुम्लाका नागरिकले बिनाडर सहजै यात्रा गर्न पाउने छन्।

# तीन दिन मात्रै बैंक तथा वित्तीय संस्था खुल्ने

**काठमाडौं/मस**-कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचारसम्बन्धी जिल्लास्तरीय कमाण्ड पोष्टको बैठकले अब काभ्रेपलाञ्चोकमा बैंक तथा वित्तीय र सहकारी संस्था हप्ताको तीन दिन मात्रै सञ्चालन गर्न लगाउने निर्णय गरेको छ।

कोरोना भाइरसको जोखिम हुन नदिन अब जिल्लाका ती क्षेत्र आइतबार ,मङ्गलबार र शुक्रबार मात्रै सञ्चालन गर्ने व्यवस्था मिलाएको प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले जानकारी दिऐ। यसअघि पनि हप्ताको तीन दिन मात्रै खोल्ने गरेको बैंक तथा वित्तीय संस्था बन्दाबन्दीमा आवतजावत अलि खुकुलो पारेसँगै गत वैशाख २१ गतेबाट दैनिक दुई घण्टा खोल्ने गरेको थियो। अब पछिल्लो समयमा कोरोना भाइरस सङ्क्रमण फैलिँदै गएपछि त्यसको रोकथाम र नियन्त्रणको अवस्थालाई मध्यनजर गर्दै पुनः तीन दिन मात्रै सञ्चालन गर्ने व्यवस्था मिलाउने निर्णय गरेको हो।




www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस्।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews YouTube Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**